सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरीएको

आ.व. २०८२/८३ को बैशाख महिना देखि असार महिनामा सम्पादित क्रियाकलापहरु

# स्वतः प्रकाशन

## १. परिचय

नेपालको कुल खेतीयोग्य जमिन ३० लाख ९१ हजार हे. रहेको छ। राष्ट्रिय कृषि गणना २०६८ अनुसार नेपालको कृषि जमिनको औषत आकार ०.६८ हे. र प्रति कित्ताको औषत आकार ०.२१ हे. रहेको छ। खण्डिकृत जमिनमा परम्परागत रुपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरिदै आएको र कृषि विकासका लागि भएका सरकारी प्रयासहरु सिमित स्रोत र साधनहरुका कारण एकीकृत रुपमा नभई छरिएर जाने गरेकाले प्रतिफलमुखी हुन सकेका छैन। कृषिलाई नाफामूलक व्यवसायका रुपमा स्थापित गर्न नसक्दा यस क्षेत्रमा लगानीका लागि निजि क्षेत्र र रोजगारीका लागि युवा उद्यमीहरु आकर्षित हुन सकेको छैन। गुणस्तरीय कृषि उत्पादन सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्न नसक्नु, कृषि उपज उत्पादनमा यान्त्रीकरण अवलम्वन हुन नसक्नु र कृषि विकासका लागि आवश्यक सिंचाई, कृषि सडक, ग्रामीण विद्युतिकरण, कृषि उद्योगहरुसंगको समन्वयको अभाव रहँदै आएको तथा बजारमुखी उत्पादन हुन नसकेकाले कृषिलाई व्यवसायका रुपमा नभई परम्पराका रुपमा मात्र अवलम्बन गरिदै आइएको छ।

यिनै पृष्ठभूमिलाई मध्यनजर गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली/वस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका कृयाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना गरिएको छ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ नेपालको कृषि क्षेत्रलाइ आगामी २० वर्षसम्म मार्ग निर्देश गर्ने कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा स्वदेशी सोच, स्वदेशी लगानी तथा आन्तरिक संस्यागत जनशक्ति मार्फत तयार गरिएको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना आ.व. २०७३/७४ देखि लागू हुने गरी १० वर्ष अवधिको लागि सञ्चालनमा ल्याइएको छ। यस परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम र वृहत्तर व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम गरी जम्मा चार वटा सम्भागहरु छन्। परियोजनाको अन्त्य सम्ममा देशै भरि २१ वटा सुपरजोन, ३०० वटा जोन, १५०० वटा ब्लक र १५००० वटा पकेटहरु स्थापना गरिनेछ। यस परियोजनाको कुल लागत रु. १ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहेको छ। चालु आ .व. २०८२/८३ मा परियोजना दशौं वर्षमा कार्यान्वयनमा रहेको छ।

हाल यस प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको नाम परिवर्तन भई राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कायम भएको छ। साथै परियोजना व्यवस्थापन एकाइको नाम कार्यक्रम व्यवस्थापन एकाइ र परियोजना कार्यान्वयन एकाइको नाम परिवर्तन भई कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ भएको छ।



भरतराज गौतम
वरिष्ठ पशु विकास अधिकृत

## २. परियोजनाको प्रमुख परिचयात्मक विशेषताहरू

- स्वदेशी सोच, स्वदेशी स्रोत-साधन तथा आन्तरिक जनशक्तिबाट तर्जुमा गरी कार्यान्वयनमा रहेको।
- कृषि विकास रणनीति (ADS) कार्यान्वयनका लागि सहयोगी परियोजनाका रूपमा रहेको।
- पन्ध्रौं योजनामा रूपान्तरणकारी आयोजनाको रूपमा पहिचान गरिएको।
- सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा सञ्चालनमा रहेको।
- परियोजना अवधिः २०७३ श्रावण - २०८३ असार (१० वर्ष)
- सञ्चालन गर्ने निकायः नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
- परियोजनाको अवधिको कूल प्रक्षेपित बजेटः १ खर्ब ३० अर्ब रुपैयाँ
- परियोजनाको कार्य क्षेत्रः ७७ जिल्ला (४८ वटा परियोजना कार्यान्वयन एकाइहरू तथा १ वटा व्यवस्थापन एकाइ)

## ३. परियोजनाको सोच, लक्ष्य एवम् उद्देश्य

**सोच**

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

**लक्ष्य**

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने।

**उद्देश्यहरू**

- प्रमख कृषि उपजहरूको वुशिष्टिकृत क्षेत्रहरू निर्माण गर्ने,
- निर्यातयोग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषिलाई सम्मानजनक नाफामखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने
- बहुसरोकारवाला निकायहरूबीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

## ४. नागरिक वडापत्र

| क्र.स. | प्रदान गरिने सेवा सुविधाहरुको विवरण | आवश्यक पर्ने कागजात/प्रमाणहरु | काम सम्पन्न हुन लाग्ने अवधि | सम्बन्धित शाखा | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | च्याङ्ग्रा जोन : खोर सुधार, आहारा बव्यबस्थापन, यान्त्रीकरण, नश्ल सुधार, तालिम आदी | परियोजनाको म्यानुअलमा उल्लेख भए अनुसार निवेदन, व्यबसाय दर्ता प्रमाण पत्रको नवीकरण, कर चुक्ता प्रमाण पत्र | सम्झौतामा उल्लेख भएअनुसार | च्याङ्ग्रा जोन | सम्वन्धित जोनको डेडीकेटेड प्राविधिक | वरिष्ठ पशुविकास अधिकृत | कार्यक्रमको प्रकृति अनुसार कम्तिमा ५० देखि ८५ प्रतिशत सम्म अनुदान |



भरतराज गौतम
वरिष्ठ पशु विकास अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | स्याउ जोन: साना संचाई, मेशीनरी औजार, कोल्डरुम, नर्सरी स्रोत केन्द्र,संकलन/बिक्रि वितरण केन्द्र निर्माण, बगैंचा व्यवस्थापन कार्यक्रम, तालिम आदी । | परियोजनाको म्यानुअलमा उल्लेख भए अनुसार निवेदन, व्यवसाय दर्ता प्रमाण पत्रको नवीकरण, कर चुक्ता प्रमाण पत्र | सम्झौतामा उल्लेख भएअनुसार | स्याउ जोन | सम्वन्धित जोनको डेडीकेटेड प्राविधिक | वरिष्ठ पशुविकास अधिकृत | कार्यक्रमको प्रकृति अनुसार कम्तिमा ५० देखि ८५ प्रतिशत सम्म अनुदान |
| ३ | आलु जोन : साना सिचाई, मेशीनरी औजार, भण्डारण, प्रसोधन उद्योग स्थापना, बीउ उत्पादन सहयोग, आलुको क्षेत्र विस्तार प्राङगारिक मल, प्याकेजिङ्ग लेवलिङ्ग तालिम आदी । | परियोजनाको म्यानुअलमा उल्लेख भए अनुसार निवेदन, व्यवसाय दर्ता प्रमाण पत्रको नवीकरण, कर चुक्ता प्रमाण पत्र | सम्झौतामा उल्लेख भएअनुसार | आलु जोन | सम्वन्धित जोनको डेडीकेटेड प्राविधिक | वरिष्ठ पशुविकास अधिकृत | कार्यक्रमको प्रकृतिअनुसार कम्तिमा ५० देखि ८५ प्रतिशत सम्मा अनुदान |
| ४ | सुन्तला जोन : साना संचाई, मेशीनरी औजार, कोल्डरुम, नर्सरी स्रोत केन्द्र,संकलन/बिक्रि वितरण केन्द्र निर्माण, बगैंचा व्यवस्थापन कार्यक्रम, प्राङगारिक मल वितरण तालिम आदी । | परियोजनाको म्यानुअलमा उल्लेख भए अनुसार निवेदन, व्यवसाय दर्ता प्रमाण पत्रको नवीकरण, कर चुक्ता प्रमाण पत्र | सम्झौतामा उल्लेख भएअनुसार | सुन्तला जोन | सम्वन्धित जोनको डेडीकेटेड प्राविधिक | वरिष्ठ पशुविकास अधिकृत | कार्यक्रमको प्रकृति अनुसार कम्तिमा ५० देखि ८५ प्रतिशत सम्मा अनुदान |
| ५ | बंगुर जोन : मासु पसल निर्माण/सुधार, खोर सुधार,आहारा बव्यबस्थापन, यान्त्रीकरण,नश्ल सुधार, तालिम आदी । | परियोजनाको म्यानुअलमा उल्लेख भए अनुसार निवेदन, व्यवसाय दर्ता प्रमाण पत्रको नवीकरण, कर चुक्ता प्रमाण पत्र | सम्झौतामा उल्लेख भएअनुसार | बंगुर जोन | सम्वन्धित जोनको डेडीकेटेड प्राविधिक | वरिष्ठ पशुविकास अधिकृत | कार्यक्रमको प्रकृति अनुसार कम्तिमा ५० देखि ८५ प्रतिशत सम्मा अनुदान |
| ६ | परियोजना प्रचार प्रसार सामाग्री र प्राविधीक पुस्तीका विवरण तथा प्राविधीक सेवाटेवा | मौखिक वा लिखित रुपमा माग | तुरुन्तै | प्राविधीक शाखा | कृषि अधिकृत प्राविधीक सहायक,स्टोर | वरिष्ठ पशुविकास अधिकृत | निशुल्क |
| ७ | उन्नत वीउ विजन बिरुवा विषादी लगायत चालु खर्च शीर्षक अन्तरगतका उत्पादन सामाग्रीहरुमा अनुदान सहयोग | रितपुर्वक भरिएको कार्यालयबाट उपलब्ध हुने निबेदन फारम जोन संचालन समितिको सिफरिस | त्रैमासिक कार्य लक्ष अनुसार | प्राविधीक शाखा | कृषि अधिकृत । प्राविधीक सहायक | वरिष्ठ पशुविकास अधिकृत | कार्यविधि बमोजिम बढीमा ५० प्रतिशत अनुदान |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, मुस्ताङ

भरतराज गौतम
वरिष्ठ पशु विकास अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | उद्यमशीलता व्यवसायिक क्षमता/दक्षता विकास तथा स्थलगत तालिम,योजना तर्जुमा गोष्ठी,कृषक भ्रमण र अन्तरक्रिया | जोन संचालन समितिमा आवद्ध भई सम्बन्धित समुह सहकारी, उपभोक्ता समिति, उद्यमिहरुबाट प्रतिवद्धता सहितको अनुरोध पत्र र समितिको सिफारिस | त्रैमासिक कार्य लक्ष अनुसार ३ देखि ७ दिन | प्राविधीक शाखा | कृषि अधिकृत प्राविधीक सहायक | वरिष्ठ पशुविकास अधिकृत | निशुल्क |
| ९ | क्रप कटिङ्ग गर्ने तथा उत्पादनमा आधारित प्रोत्साहन सहयोग | मौखिक वा लिखित रुपमा वालि कटानी गर्ने सूचना | ३ दिन | प्राविधीक शाखा | कृषि अधिकृत । प्राविधीक सहायक | वरिष्ठ पशु विकास अधिकृत | निशुल्क |

## ५. आ.व. २०८२/८३ को चौथो त्रैमासिक प्रगति सम्बन्धि विवरण

### ५.१ वाली विशेषको जोन/सुपर जोन (संख्या): ६ (मुस्ताङ -३, म्याग्दी – ३)

| क्र. सं. | का. का. ए. | जोन/सुपरजोन | बाली/वस्तु | शुरुवात वर्ष | कार्यक्रम शरुवात हुंदाको क्षेत्रफल | हालको क्षेत्रफल/ संख्या | बृद्धि % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मुस्ताङ | जोन | स्याउ | २०७५ | १०५० | १४०० | ३३.३३ | |
| २ | मुस्ताङ | जोन | सुन्तला | २०७५ | ७०१ | १०३० | ४६.९३ | |
| ३ | मुस्ताङ | जोन | आलु | २०८१ | ४५९ | ४७१ | २.६१ | मुस्ताङ |
| ४ | मुस्ताङ | जोन | बंगुर | २०७६ | ९६ (माउ संख्या) | ५३० | ४५२ | |
| ५ | मुस्ताङ | जोन | च्याङ्ग्रा | २०७८ | १०१०(माउ संख्या) | १२८०० | ११६७ | |
| ६ | मुस्ताङ | जोन | आलु | २०७८ | १२९ हे. | ४१४ | २२० | म्याग्दी |
| | | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, मुस्ताङ

भरतराज गौतम
वरिष्ठ पशु विकास अधिकृत

## ५.२ जोन/सुपरजोनको हालको कमाण्ड क्षेत्र

| जोन/सुपरजोन | कार्यक्षेत्र |
|---|---|
| स्याउ जोन | थासाङ गा.पा. को वडा नं. ३,४ र ५ बाहेक सम्पूर्ण क्षेत्र |
| सुन्तला जोन | म्याग्दी जिल्ला (बे.न.पा.,मंगला गा.पा., रघुगंगा गा.पा., अन्नपूर्ण गा.पा.)<br>पर्वत जिल्ला (जलजला गा.पा.)<br>बाग्लुङ जिल्ला (बाग्लुङ्ग न.पा., काठेखोला गा.पा.) |
| आलु जोन (म्याग्दी) | म्याग्दी जिल्ला (अन्नपूर्ण गा.पा., रघुगंगा गा.पा.-५,६,७,८ र बेनी नगरपालिका-१०) |
| बंगुर जोन | म्याग्दी जिल्लाको सम्पूर्ण गा.पा. (मुख्य सडक छोएको वडाहरु) |
| च्याङ्ग्रा जोन | मुस्ताङ जिल्ला (लोमान्थाङ, लोघेकर दामोदरकुण्ड र बारागुङ मुक्तिक्षेत्र गाँ.पा.) |
| आलु जोन मुस्ताङ | मुस्ताङ् जिल्ला थासाङ गा.पा., घरपझोङ गा.पा., बारागुङ मुक्तिक्षेत्र गा.पा., लोघेकर दामोदरकुण्ड गा.पा., लोमान्थाङ गा.पा. का वडा नं. १,२,३,४ र ५ |

## ५.३ आ.व. २०८२/८३ मा सूचिकृत संस्थाहरुको विवरण (सहकारी/समूह/कृषि उधमी/कम्पनी/प्राविधिक शिक्षालय)

| क.सं. | जोन | सहकारी | समूह | कृषि उधमी | कम्पनी | प्रविधिक शिक्षालय | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सुन्तला | १ | ६ | ६४ | | | ७१ |
| २ | बंगुर | १ | १ | ७ | | | ९ |
| ३ | आलु म्याग्दी | | | १ | | | १ |
| ४ | स्याउ | १ | १ | १०३ | | | १०५ |
| ५ | च्यांग्रा | | ३ | ५५ | | | ५८ |
| ६ | आलु मुस्ताङ | | १ | २७ | | | २८ |
| जम्मा | | ३ | १२ | २५७ | | | २७२ |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, मुस्ताङ

...राज गौतम
वरिष्ठ पशु विकास अधिकृत

## ५.४ यस आ.व. २०८२/८३ का प्राथमिकताका कार्यक्रमहरुर यसको उपलब्धी

| क.स. | प्राथमिकताका कार्यक्रमको नाम | एकाइ | लक्ष्य | बजेट (लाखमा) | उपलब्धि |
|---|---|---|---|---|---|
| १ | सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ५६ | १०९ | ३० वटा सिंचाई कुलो निर्माण भएको |
| २ | कृषि यान्त्रिकरण सहयोग | पटक | ५ | ४१ | स्याउ र आलु जोनबाट ५७ जनालाई १०२ वटा यन्त्र वितरण |
| ३ | स्थानीय तहको समन्वयमा पशुनश्ल श्रोत केन्द्र स्थापना सहयोग कार्यक्रम | संख्या | २ | ८ | २ वटा पशुनश्ल श्रोत केन्द्र स्थापना भएको |
| ४ | खोर सुधार सहयोग | संख्या | १४ | ४२ | ८ वटा सुधारीएको खोर निर्माण भएको |
| ५ | जोन प्रभाव क्षेत्रमा स्याउ High density बिरुवा वितरण मार्फत्त क्षेत्रफल विस्तार | हे. | ६ | ११४ | १६०० बिरुवा वितरण गरी करिब ५ हे. क्षेत्रफल विस्तार भएको |
| ६ | स्थानीय तहको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना सहयोग कार्यक्रम | संख्या | २ | ६ | १ वटा नर्सरी श्रोत केन्द्र निर्माण भएको |
| ७ | भण्डारण, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | संख्या | ६ | ३० | कोल्ड स्टोरः १ वटा<br>जुस मेशिनः ३ वटा<br>पास्चुराईजरः१ वटा |
| ८ | उधमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम | संख्या | १० | ४० | भर्मी कम्पोष्ट संरचनाः१<br>सिबकथ्रोन जुस उद्योगः१<br>तेल पेल्ने मेशिनः१<br>जुस बनाउने मेशिनः २ वटा<br>यन्त्रिकरण सहयोगः २वटा |
| ९ | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार | हे. | ३० | १८ | ९८०० के.जी. आलुको विउ र ३३४०० के.जी. प्राङ्गारिक मल वितरण |
| १० | पशु आहारा व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | संख्या | ११ | १४ | ६८१०० के.जी. मकै वितरण |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, मुस्ताङ

भरतराज गौतम
वरिष्ठ पशु विकास अधिकृत

## ५.५ आ.व. २०८२/८३ चौथो त्रैमासिक भारित प्रगति विवरण

| क्र.स. | कार्यक्रम कार्यान्वयन एकाइ | चौथो त्रैमासिक भारित प्रगति (%) | | |
|---|---|---|---|---|
| | | पूँजीगत | चालु | जम्मा |
| १ | मुस्ताङ | ९४.८२ | ९३.५१ | ९३.६७ |

## ५.६ आ.व. २०८२/८३ चौथो त्रैमासिक वित्तीय प्रगति विवरण (रु. लाखमा)

| क्र.स. | कार्यक्रम कार्यान्वयन एकाइ | चौथो त्रैमासिक विनियोजन | | | चौथो त्रैमासिक खर्च | | | चौथो त्रैमासिक वित्तीय प्रगती प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा |
| १ | मुस्ताङ | २९ | २२०.५५ | २४९.५५ | ४८.३६ | ३३६.७९ | ३८५.१६ | १६६.७९ | १५२.७० | १५४.३४ |

## ५.७ आ.व. २०८२/८३ को चौथो त्रैमासिक अवधिमा प्राप्त उपलब्धिहरु (कार्यक्रमको मात्र)

| क्र.सं | क्रियाकलाप | प्राप्त उपलब्धिहरु |
|---|---|---|
| १ | पशु नश्ल सुधार कार्यक्रम | १५ वटा च्याङ्ग्राका उन्नत बोका वितरण गरीएको |
| २ | पशु प्रजनन तथा कृत्रिम गर्भाधान तालिम | १० जना सहायकस्तर प्राविधिकहरुलाइ कृत्रिम गर्भाधान तालिम उपलब्ध गराइ सेवा गर्न सक्षम गराइएको र मासिक कम्तीमा ५० वटा गाइभैंसीमा कृत्रिम गर्भाधान हुँदै आएको |
| ३ | साना सिंचाई पूर्वाधर निर्माण | ३० वटा पक्की कुलो निर्माण कार्य सम्पन्न भएको |
| ४ | HDP बेर्ना वितरण मार्फत क्षेत्र विस्तार कार्यक्रम | जम्मा १६००० वटा बेर्ना वितरण गरीएको |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, मुस्ताङ



भरतराज गौतम
वरिष्ठ पशु विकास अधिकृत

### ५.८ चौथो त्रैमासिक सम्मको अवधिको लाभान्वित जनसंख्या (आ.व. २०८२/८३)

| प.का.ए | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | युवा | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| मुस्ताङ | ५८ | ३८४ | ४४२ | ३१ | ३१३ | ५७ | ४१ | ४४२ |

### ५.९ पकेटको प्रगति विवरण (मुस्ताङ)

| क्र.सं | बाली/बस्तु को नाम | पकेटको संख्या | | आ व २०८२/८३ को पकेटको विनियोजन (रु.हजारमा) | २०८२/८३ को **चौथो** त्रैमासिक अवधिमा भएको खर्च (रु.हजारमा) | खर्चको प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | नयाँ | निरन्तरता | | | |
| १ | स्याउ | | १ | १२०० | १२००० | १००% |
| २ | स्याउ | | १ | ६०० | ० | ० |
| जम्मा | | १ | १ | १८०० | ० | ० |

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, मुस्ताङबाट आ.व. २०८२/८३ को चौथो त्रैमासिकमा सम्पादन भएका कार्यहरुको प्रगती विवरण प्रस्तुत गरीएको छ। यस कार्यालयबाट कृषि सम्बन्धित प्राविधक सरसल्लाहर सहयोग उपलब्ध गराउने कार्य नियमित भईरहेको छ।कार्यालयका विभिन्न कार्यक्रमहरु कृषि ज्ञान केन्द्र र स्थानीय तहहरुसँग समन्वय गरी सञ्चालन भईरहेका छन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, मुस्ताङ

भरतराज गौतम
वरिष्ठ पशु विकास अधिकृत